सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं: २०८१/८२
च.नं: १४६२

मितिः २०८२/०२/१३
ने.सं. ११४५ बछलागा आमै

श्री सरोकारवाला सबै।

**विषय: आ.व.२०८१/८२ को भुक्तानी बन्द हुने सम्बन्धी सूचना।**

उपरोक्त विषयका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ७ बमोजिम विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शिर्षकको हकमा बाहेक भुक्तानी दिनु पर्ने अन्य बजेट शिर्षकमा भुक्तानी निकासा दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा एक हप्ता अगाडी ( ७ दिन) अगाडी भुक्तानी निकासा बन्द गरी लेखा अद्यावधिक गर्नु पर्ने कानूनी व्यवस्था भएको र स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा अत्याधिक चापका कारण सर्वर डाउन हुन सक्ने र हुम्लाको सन्दर्भमा बिजुली , नेटको समेत समस्या हुने भएकाले यस गाउँपालिकाबाट भुक्तानी लिने सम्पूर्ण व्यक्ति, संघसंस्था, निर्माण व्यवसायी, उपभोक्ता समिति, सामुदायिक विद्यालय वा सरोकारवाला अन्य निकाय तथा कर्मचारीहरु र मातहतका कार्यालयहरुले आ.व. २०८१/८२ मा भुक्तानीको लागि सम्पूर्ण कागजातहरु रित पुर्‍याई **चालू खर्चको हकमा असार १० गते भित्र र पुँजिगत खर्चको हकमा असार १५ गते भित्र** अनिवार्य रुपमा यस कार्यालयको आर्थिक प्रशासन शाखामा फाईल पेश गरी सक्नु हुन अनुरोध छ। अन्यथा सो भन्दा पछि भुक्तानीको लागि पेश हुन आएका कागजात उपर प्राविधिक समस्याका कारण कारबाही हुन नसकेमा आर्थिक प्रशासन शाखा जवाफदेही हुने छैन र समयमै फाईल पेश नगरी भुक्तानी हुन नसकेमा सम्बन्धित पक्ष नै जिम्मेवार हुनुपर्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

| | | |
|---|---|---|
| लोकेन्द्र बुढा | विशाल बोहोरा | वर्ष बहादुर फडेरा |
| लेखापाल | लेखा अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |

लोकेन्द्र बुढा
लेखापाल

बर्ष बहादुर फडेरा कार्की
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री अध्यक्ष, सिमकोट गा.पा.।
श्री उपाध्यक्ष, सिमकोट गा.पा.।
श्री प्रमुख प्रशासकीय अधिकृत,सिमकोट गा.पा.।
श्री शाखा प्रमुख सबै, सिमकोट गा.पा.।
श्री वडा कार्यालय (१-८) सबै,सिमकोट गा.पा.।